म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३२ सोमबार, ८ पुस २०८१ ने. सं. ११४५ थिलागा 23 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङमा रुखको हाँगाले लाग्दा प्रजाको मृत्यु

हेटौंडा, ७ पुस/मकवानपुरमा रुखको हाँगा भाँच्चिएर लाग्दा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा राक्सिराङ गाउँपालिका वडा नम्वर ५, ठाडेगाँउमा बस्ने अन्दाजी ५२ वर्षीय महादेब प्रजा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक ठाकुरप्रसाद सापकोटाले जानकारी दिए ।

प्रहरीनिरीक्षक सापकोटाका अनुसार, आइतबार बिहान पौने ११ बजेको समयमा राक्सिराङ गाउँपालिका-३, सिमलडाँडा जंगलमा पानीको कुलो खन्नका लागि प्रजासहित अन्दाजी ९-१० जनाको टोली गएका थिए । यसैक्रममा एक्कासी सिमलको रुखको हाँगा भाँचिएर लाग्दा उनको मृत्यु भएको प्रहरीनिरीक्षक सापकोटाले बताए ।

# चुरियामाई सुरुङ आज हस्तान्तरण गरिँदै, अब नगरको जिम्मा

प्रतिक्षा न्यौपाने

हेटौंडा, ७ पुस/दक्षिण एसियाकै पहिलो सुरुङमार्गको रुपमा रहेको चुरियामाईको सुरुङ आज सोमबार विधिवत रुपमा हेटौंडा उपमहानगरपालिका कार्यालयलाई हस्तान्तरण गरिँदैछ । हस्तान्तरण पछि सुरुङलाई पर्यटकीयस्थलको रुपमा सञ्चालन गर्ने उपमहानगरको योजना छ ।

वर्षौंदेखि जीर्ण सुरुङको पुन:निर्माणपछि बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालयले सोमबार उपमहानगरपालिका कार्यालयलाई हस्तान्तरण गर्न लागेको निर्देशनालयका निर्देशक पुष्करप्रसाद पोखेलले जानकारी दिए । सुरुङको पुन:निर्माण एक वर्षअघि नै सम्पन्न भइसकेको थियो । तर, प्राविधिक कारण देखाएर निर्देशनालयले उपमहानगरलाई हस्तान्तरण गर्न सकेको थिएन ।

'हामीले एकवर्ष अगाडि नै पुन:निर्माण गरिसकेका थियौं । प्राविधिक कारणले हस्तान्तरण हुन नसकी ढोका बन्द गरेर राख्नुपरेको थियो' पोखेलले भने । निर्देशक पोखेलले उपमहानगर र निर्देशनालय बीच सहमति भएअनुसार मर्मत सम्भार प्रदेश सरकारले गर्ने उल्लेख गरिएको छ । उपमहानगरले नै कर/शुल्क संकलन गर्नेछ ।



उपमहानगरपालिकाले चुरियामाई सुरुङलाई पर्यटकीय स्थलका रुपमा सञ्चालन गर्न कार्यविधि निर्माण गरिसकेको छ । कार्यविधिमा सुरुङ अवलोकन गर्न आउने नेपालीलाई प्रतिव्यक्ति ५० रुपैयाँ, विदेशीलाई प्रतिव्यक्ति १२० रुपैयाँ, ५ वर्षमुनिका बालबालिका, अपाङ्ग र जेष्ठनागरिकलाई नि:शुल्क, विद्यार्थीलाई २० रुपैयाँ प्रवेश शुल्क लिने व्यवस्था गरेको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

चुरियामाई सुरुङ सञ्चालन कार्यविधि बनाएर उपमहानगरले पर्यटकीयस्थलको रुपमा विकसित गर्नेगरी अगाडि बढेको प्रवक्ता न्यौपानेले बताए । 'प्रदेशबाट हामीलाई हस्तान्तरण भएपछि प्रक्रिया पु¥याएर तत्कालै सञ्चालन हुनेछ ।' उनले भने । उपमहानगरपालिकालाई हस्तान्तरण भएपछि सम्बन्धित समितिलाई नै संचालनका लागि हस्तान्तरण गर्न सक्ने कार्यविधि नगरपालिकाले बनाएको छ । ऐतिहासिक सुरुङ अवलोकनका लागि आन्तरिक एव बाह्य पर्यटक आउने चुरियामाई संरक्षण समितिका अध्यक्ष प्रेमबहादुर भोम्जनले बताए ।

हेटौंडा उपमहानगरपालिका र बारा जिल्लासम्म सीमा जोडिने चुरियामाई मन्दिरमा बनाइएको सुरुङ भग्नावशेष थियो । भग्नावशेष सुरुङलाई पुरानै अवस्थामा ल्याउन प्रदेश सरकारले काम गरेको हो । बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले ऐतिहासिक चुरियामाई सुरुङको पुन:निर्माण थालेका थिए । २०७८ साउनमा थालिएको पुन:निर्माण २०८० असार अगाडि नै सकिएको थियो ।

१०६ वर्ष पुरानो सुरुङ पुन:निर्माण गर्न प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले माउण्टेन इन्फ्रा कम्पनीसँग ३ करोड ३६ लाख १३ हजार रुपैयाँको लागत सम्झौता गरेको थियो । सुरुङको पुन:निर्माण २०७९ वैशाखसम्म सक्ने भनिएता पनि पटक-पटक म्याद थपेर हालसम्म काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

श्री ३ चन्द्रशम्शेरको पालामा वि.सं. १९७४ सालमा नेपाली सेनाका इञ्जिनियर डिल्लीजङ्ग थापाले सुरुङमार्ग निर्माण गरेका थिए । सुरुङ नेपाली प्रविधि प्रयोग गरेर थापाले निर्माण गराएका थिए । करिब ५ सय मिटर लामो सुरुङ मकवानपुरतर्फबाट प्रवेश गरेर बारा पुगिन्थ्यो । त्यतिबेला भारतबाट हेटौंडा-भीमफेदी हुँदै काठमाडौं पु¥याउने साना सवारी साधन ल्याउन सुरुङ बनाइएको थियो ।

प्रजातन्त्र पुन:स्थापना पछि त्रिभुवन राजपथ बनेर ठूला-ठूला सवारी साधनहरु भित्रिएपछि सुरुङ छेवैबाट चुरे पहाड फोडेर सडक बनाइएको थियो । सडक निर्माण भएपछि सुरुङ प्रयोगमा आएन र लामो समयदेखि सुरुङ भग्नावशेष भईरहेको थियो । सुरुङको चौडाइ २ मिटर ७० सेन्टिमिटर तथा उचाई ३ मिटर ३० सेन्टिमिटर रहेको यातायात पूर्वाधार निर्देशनालयले जनाएको छ । मकवानपुरतर्फको सुरुङको प्रवेशद्वारालाई सडक बिस्तारको सम्भावनाले भित्र लगेको देखिन्छ । बारातर्फको प्रवेशद्वार भने पुरानै अवस्थाको हुने जनाइएको छ ।

पहाड खोपेर बनाइएको सुरुङमा चुना, सुर्की प्रयोग गरिएको छ । सुरुङमार्गको दुवैतर्फका भित्तामा हार मिलाएर ढुंगा राखिएको छ, खोपाहरु कुँदिएका छन् । सुरुङमार्ग पुन:निर्माणपछि सर्वसाधारणलाई अवलोकनका लागि खुला गरिने जनाइएको छ ।

# बागमती प्रदेशमा १.३७ प्रतिशत धान उत्पादन घट्यो



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/बागमती प्रदेशमा यसवर्ष धानबाली उत्पादनमा ह्रास आएको छ । गत असोज ११ र १२ को वर्षासँगै आएको बाढीपहिरोले क्षति पु¥याउँदा एक दशमलव ३७ प्रतिशतले धान उत्पादनमा ह्रास आएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

चालु आर्थिक वर्षमा बागमती प्रदेशमा कुल एक लाख पाँच हजार चारसय १५ हेक्टरमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिकटनका दरले चार लाख आठ हजार तीनसय १६ मेट्रिकटन धान उत्पादन भएको निर्देशानलयका कृषि अर्थविज्ञ नवीन कुँवरले जानकारी दिए ।

अघिल्लो आव २०८०/८१ मा एक लाख नौ हजार एक सय ५१ हेक्टरमा धानबाली लगाइएकोमा चार लाख १३ हजार नौ सय ८८ मेट्रिकटन उत्पादन भएको थियो । कुँवरका अनुसार गत वर्षको तुलनामा यस वर्ष चितवन, काठमाडौं, ललितपुर, भक्तपुर र नुवाकोटमा धान उत्पादन बढेपनि अन्य जिल्लामा घटेको हो ।

बागमती प्रदेशको सबै भन्दा बढी धानखेती हुने चितवनमा यस वर्ष २३ हजार सात सय हेक्टरमा प्रतिहेक्टर चार दशमलव १५ मेट्रिकटनका दरले ९८ हजार तीन सय ५५ मेट्रिकटन धान उत्पादन भएको छ । नुवाकोटमा ११ हजार छ सय १५ हेक्टरमा प्रतिहेक्टर चार दशमलव १७ प्रतिशतका दरले ४८ हजार तीन सय ९० मेट्रिकटन, धादिङमा ११ हजार तीन सय १२ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ८९ प्रतिशतका दरले ४४ हजार चार मेट्रिकटन उत्पादन भएको छ ।

काठमाडौंमा यसवर्ष चार हजार नौ सय २४ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ७१ प्रतिशतका दरले २३ हजार एक सय ९२ मेट्रिकटन, ललितपुरमा चार हजार एक सय ७८ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ५३ प्रतिशतका दरले १८ हजार नौ सय २६ मेट्रिकटन र भक्तपुरमा तीन हजार पाँच सय ९९ हेक्टरमा प्रतिहेक्टर पाँच दशमलव ५१ प्रतिशतका दरले १९ हजार आठ सय २३ मेट्रिकटन धान उत्पादन भएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

बाढीपहिरोबाट बढी प्रभावित मकवानपुर, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोकलगायत जिल्लामा यसवर्ष धान कम उत्पादन भएको छ । मकवानपुरमा सात हजार १७ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव नौ प्रतिशतका दरले २७ हजार तीन सय ६६ मेट्रिकटन, काभ्रेमा आठ हजार १९ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ९१ प्रतिशतका दरले ३१ हजार तीन सय ५४ मेट्रिकटन, रामेछापमा सात हजार आठ सय ८० हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ५४ प्रतिशतका दरले २० हजार १५ मेट्रिकटन र सिन्धुपाल्चोकमा सात हजार नौ सय हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ९२ प्रतिशतका दरले २३ हजार ६८ मेट्रिकटन धान उत्पादन भएको हो ।

दोलखामा दुई हजार आठ सय ७२ हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ५० प्रतिशतका दरले सात हजार ६८ मेट्रिकटन र रसुवामा एक हजार ९९ हेक्टरमा प्रतिहेक्टर दुई दशमलव २३ प्रतिशतका दरले दुई हजार चार सय ५१ मेट्रिकटन धान उत्पादन भएको कृषिविज्ञ कुँवरले जानकारी दिए । बाढीपहिरोले ३७ हजार हेक्टरमा लगाइएको पाँच हजार छ सय मेट्रिकटन धानबालीमा क्षति पुगेको जनाइएको छ । समयमा वर्षा र रोग कीराको प्रकोप कम भएकाले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरिए पनि बाढीपहिरोले क्षति पु¥याएपछि उत्पादनमा घटेको हो ।

# सहकारीमार्फत उत्पादित वस्तुको तीनदिने प्रदर्शनी मेला गरिने



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/जिल्ला बचत तथा ऋण सहकारी संघको आयोजनामा हेटौंडामा सहकारीमार्फत उत्पादित वस्तुहरुको तीनदिने प्रदर्शनी मेला हुने भएको छ ।

संघको २० औं स्थापना दिवसको अवसरमा संघले प्रदर्शनी तथा बिक्री मेला आयोजना गर्ने भएको छ । आगामी पुस १६ गतेदेखि १८ गतेसम्म प्रदर्शनी मेला हुने जनाइएको छ । आइतबार पत्रकार सम्मेलन गर्दै संघका अध्यक्ष कल्पना श्रेष्ठले सहकारीले उत्पादन गरेका वस्तुलाई बजारसँग जोड्नका निम्ति प्रदर्शनी आयोजना गर्न लागेको बताइन् । उनले बचत तथा ऋण मात्र नभई कृषि सहकारीका साथै बहुउद्देश्यीय सहकारीले समेत उत्पादन गरेका हस्तकला सामग्री, खाद्य सामग्री, मसला सामग्री, डेरि परिकारलाई मेलाका स्टलमा राखिने बताइन् ।

प्रदर्शनी मेला संघको नवनिर्मित भवनमा नै हुनेछ । तीन दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा करिब १० हजार जनाले अवलोकन गर्ने अनुमान रहेको उनले बताइन् । मेला प्रदर्शनीमा करिब पाँच लाख खर्च हुने अनुमान गरेका छौं, अध्यक्ष श्रेष्ठले भनिन् । ४० वटा स्टल रहनेछन्, स्टलका लागि दर्ता शुल्क एक हजार एक सय रहेको श्रेष्ठले बताइन् । प्रदर्शनीमा केराको मम, फापरको थुलौरा, सेल तरकारी लगायतको समेत स्टल रहने जनाइएको छ । स्टल राख्नेमध्येबाट उत्कृष्ट चार स्टललाई पुरस्कारको समेत व्यवस्था रहेको छ ।

प्रदर्शनी मेलामा १६ गते सहकारी हाजिरीजवाफ प्रतियोगिता, १७ गते सहकारी निबन्ध प्रतियोगिता र सहकारीका सचिवबीच सहकारी वक्तृत्वकला प्रतियोगिता रहने संघका व्यवस्थापक सुमित्राकुमारी वाईबाले बताइन् । निबन्ध प्रतियोगिता कलेजस्तरीय रहने र एकका लागि सबै, सबैका लागि एक विषयवस्तु रहेको उनले बताइन् । वक्तृत्वकलामा भने सहकारीमा सुशासन: प्रविधि र एकीकरण भन्ने विषय रहेको जानकारी दिइन् । प्रतियोगितामा उत्कृष्ट चार जनालाई नगद सहित पुरस्कृत गरिने संघले जनाएको छ ।

१८ गते संघको नवनिर्मित भवनको उद्घाटन गरिने जनाइएको छ । ३४ धुर क्षेत्रफलमा २९ सय स्क्वायर फिटमा निर्माण भएको भवनमा करिब साढे ३ करोड खर्च हुने अनुमान रहेको व्यवस्थापक वाईबाले बताइन् । प्रदेश सरकारबाट ३३ लाख, जिल्लाका ४ वटा पालिकाबाट अनुदान रकम, सदस्य सहकारीबाट करिब ९ लाख भन्दा माथि र संघको जगेडाकोषको सहिको रकमबाट भवन निर्माण गरिएको उनले बताइन् । नवनिर्मित भवनको बागमती प्रदेश सरकारका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गर्ने कार्यतालिका रहेको संघले बताएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## १३ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !

*प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०५ गते*

यस संस्थाको मिति २०८१/०९/०१ गते सोमबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १३ औं बार्षिक साधारण सभा, तपसिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णयका लागि साधारण सभा आव्हान गरिएको व्यहोरा सम्बन्धीत सवै महानुभावहरुमा अनुरोध छ । साथै संस्थाका सबै शेयर सदस्यज्यूहरुलाई वार्षिक साधारण सभाको जानकारी एवम् उपस्थितिको लागि यसै सूचनालाई आधार मानी निम्नअनुसारको मिति, समय र स्थानमा शेयर सदस्यज्यूहरुको सक्रिय सहभागीताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा संचालन हुने मिति, समय र स्थान :**

**मिति** : २०८१/०९/२७ गते शनिवार
**समय** : बिहान ९:०० वजे देखि ५:०० बजेसम्म
**स्थान** : संस्था रहेको भवन हेटौंडा-०४, पारिजातपथ

**साधारण सभामा छलफलका बिषयहरू :**

१. अध्यक्ष ज्युले पेश गर्नुहुने वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
४. संचालक समितितथा लेखा समिति निर्वाचन सम्बन्धमा ।
५. संस्थाको विनियम संशोधन तथा कार्यक्षेत्र बिस्तार सम्बन्धमा ।
६. निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
७. विविध ।

***नोट** : साधारण सभामा स्वयम् उपस्थित हुने सदस्यलाई मात्र रु.५०० मानियम अनुसार कर कट्टी गरी यातायात खर्च प्रदान गरिनेछ ।*

मनोज तामाङ (अध्यक्ष)
**शिशिर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजातपथ, मकवानपुर
फोन : ०५७-५९०७०३

साझाकुरा

## हाम्रो कुरा

# ‘छापामार शैली’मा मन्त्रालय

तत्कालीन बिद्रोही माओवादीले सर्वसाधारणको जग्गामा झण्डा गाडेर ‘कब्जा’ गरिएको घोषणा गर्ने गरेको थियो । झण्डा गाडेकै भरमा व्यक्तिगत सम्पत्ती कब्जा गर्ने माओवादी शैली भन्दा फरक देखिएन प्रदेशको मन्त्रालय पनि । किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको एकीकृत बजार बिस्तारका लागि निर्माण गरिएको भवनमा बागमती प्रदेशको मन्त्रालयले कब्जा जमाएर बसेको छ । हेटौंडा-११ थानाभन्ज्याङस्थित राप्ति पुलनजिकै निर्माण गरिएको प्रादेशिक कृषि थोक बजारको प्रशासनिक भवनमा बागमतीमा हालै थप गरिएको सहकारी तथा गरिबी निवारण मन्त्रालय बसेको हो । निर्माण सम्पन्न भएकै छैन मन्त्रालयलाई कब्जा गर्न हतार भयो । सम्बन्धित पक्षसँग स्वीकृति नलिई र कृषि विकास निर्देशनालयको ‘इन्कारी राय’का बाबजुद मन्त्रालयले भवन कब्जा गरेपछि सर्वसाधारण किसानले यसलाई कसरी बुझ्ने ? एकातिर कृषिप्रधान मुलुक भएर पनि कृषिजन्य बस्तु आयात गर्नु परिरहेको छ ।

किसानको सुबिधाका लागि निर्माण गरेको भवन मन्त्रालयले कब्जा गर्न थालेपछि कसरी किसानलाई उत्साह जगाउन र उत्पादनमा तल्लीन बनाउन सकिन्छ त ? सहकारी मन्त्रालय कृषि थोक बजारको व्यवस्थापन हेर्ने निकाय बस्ने प्रशासनिक भवनमा बसेको छ । कोठामा मन्त्रालयका कार्यकक्ष तयार भइसकेका छन् । गत २७ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले पर्यटन र सामाजिक विकास मन्त्रालय फुटाएर सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरी विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठका लागि यो मन्त्रालय जिम्मा दिइएको थियो । यसअघि मुख्यमन्त्री कार्यालय परिसरभित्रकै जिल्ला विकास समितिको पुरानो भवनमा सहकारी मन्त्रालय बस्ने तयारीमा थियो । त्यो भवनमा उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालय पहिल्यै थियो । मन्त्रालय कहाँ राख्ने भनेर हानथाप गर्नुपर्ने अवस्था भनेको प्रदेश सरकारको निकम्मापन हो । मुख्यमन्त्री बहादुरसिंह लामाको निर्देशनमा थोक बजारमा मन्त्रालय स्थापना गरिएको बताइएको छ । कृषि मन्त्रालयले सहकारी मन्त्रालयलाई कृषि थोक बजारको भवन प्रयोग गर्न अनुमति नदिएको जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले थोक बजारमा सहकारी मन्त्रालय बस्ने भएकाले समन्वय गर्न कृषि तथा पशुपन्त्री विकास मन्त्रालयलाई पत्राचार गरेको थियो ।

कृषि मन्त्रालयले निर्देशनालयसँग राय माग गरेकोमा निर्देशनालयले कृषि थोक बजारको लागि निर्मित भवनमा मन्त्रालय राख्न नमिल्ने राय लेखेर पठाएको थियो । मन्त्रालयको बीचमा पनि समन्वय नहुनु, जवर्जस्ती छापामार शैलीमा कब्जा जमाउनुले सर्वसाधारणमा राम्रो सन्देश गएको छैन । मन्त्रालय राख्ने भवन पनि चाहिन्छ नभइ नहुने विषय हो । यसका लागि सबैसँग समन्वय गरेर पनि केही समयका लागि राख्ने निर्णय गर्न सकिने थियो । तर, भूमिगत शैलीमा मन्त्रालय सारिनुले नकारात्मक सन्देश गएको छ । प्रादेशिक थोक बजारमा मन्त्रालय बसेपछि हेटौंडा उपमहानगरपालिकाले आपत्ति जनाएको छ । उपमहानगरका प्रवक्ता सविन न्यौपानेले किसानको उत्पादन बिक्रीवितरण गर्ने ठाउँमा मन्त्रालय बस्ने कुरा स्वीकार्य हुन नसक्ने बताएका छन् । ‘किसानको भलोको लागि राज्यले करोडौं खर्चिएर बनाएको भवनबाट किसानको उत्पादन बिक्रीवितरण हुनुपर्ने थियो । मन्त्रालय राख्ने भन्ने विषयमा मुख्यमन्त्री कार्यालयले तत्काल अर्को व्यवस्थापन गर्नु जरुरी छ । प्रदेश सरकारले जनतालाई दिनुपर्ने सुबिधा कटौती गरी आफूले बढी सुबिधा लिन खोजेको भन्दै नागरिकस्तरमा टिकाटिप्पणी सुरु भएको छ । यो क्रम बढ्दै गएको खण्डमा संघीयताबिरोधी पक्षधरलाई नै फाइदा पुग्ने हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस ९ गते मंगलबार २४ डिसेम्बर २०२४ । नवमी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : वस्त्र-भोजन प्राप्त हुनेछ | तुला | : सञ्चित धन खर्च हुनेछ |
| वृष | : योजना कार्यान्वयन हुनेछ | वृश्चिक | : आफन्तले कुरा काट्नेछन् |
| मिथुन | : व्यापार राम्रो चल्नेछ | धनु | : आत्मविश्वास बढ्नेछ |
| कर्कट | : मीठो खाने अवसर मिल्नेछ | मकर | : आफन्तको सहयोग मिल्नेछ |
| सिंह | : घर परिवारमा मेलमिलाप हुनेछ | कुम्भ | : मान, प्रतिष्ठा बढ्नेछ |
| कन्या | : मनमा शङ्का बढ्नेछ | मीन | : कार्यमा सफलता मिल्नेछ |

# जनयुद्धको विरासत, संसदीय राजनीति र अबको बाटो



✍ मोहन शाही

नेपाल कम्युनिस्ट पार्टीको स्थापना रूसी क्रान्तिका नायक लेनिनको ६९औँ जन्मजयन्तीको अवसर पारेर २२ अप्रिल १९४९ मा भारतको कलकत्तामा भएको थियो । नेपाल कम्युनिस्ट पार्टीको संस्थापक नेतृत्वका रूपमा २५ वर्षीय पुष्पलाल श्रेष्ठ हुनुहुन्थ्यो । पुष्पलाल श्रेष्ठले नै सन् १९४८ मा कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद समेत गर्नुभएको थियो । नेपाली कम्युनिस्ट आन्दोलनको ७५ वर्षको लामो इतिहास विभिन्न खाले आरोह-अवरोह र आरोप-प्रत्यारोपबाट गुज्रिँदै अगाडि बढेको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा विभिन्न उतारचढाव भए पनि सबैभन्दा ठुलो परिघटना नेकपा (माओवादी)ले गरेको दशवर्षे जनयुद्ध नै हो ।

### जनयुद्धको विरासत

नेकपा (माओवादी) ले सशस्त्र सैर्षका माध्यमबाट नौलो जनवादी क्रान्ति सम्पन्न गरी श्रमजीवी वर्गको राज्यसत्ता स्थापना गर्ने उद्देश्यले दीर्घकालीन जनयुद्धको थालनी वि.सं. २०५२ फागुन १ गते गरेको थियो । महान् जनयुद्ध ठुलठुला फौजी आक्रमण, आधार इलाका तथा जनसरकारहरू घोषणा, बाह्रबुँदे सम्झौता, १९ दिने जनआन्दोलन हुँदै २०६३ मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’का बिचमा विस्तृत शान्ति सम्झौता भई टुङ्गिएको थियो । यसरी नेकपा (माओवादी) को नेतृत्वमा भएको सशस्त्र सैर्षको अवधिलाई आम नेपाली जनता र विश्व समुदायले दशवर्षे जनयुद्धका नामले चित्रित गर्ने गरेका छन् ।

सदियौँदेखि जकडिएर रहेको सामन्ती राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना, सैीयता, समावेशिता, धर्मनिरपेक्षता लगायत तमाम परिवर्तन उत्पीडित वर्ग, समुदायको अपार साथ र सहयोगमा भएको महान् जनयुद्धको जगमा उभिएको छ । जनयुद्धका जगमा स्थापित अधिकार र उपलब्धिहरू राष्ट्रका साझा सम्पत्ति हुन् । ऐतिहासिक रूपमा जनयुद्ध प्रचण्डको नेतृत्वमा नेकपा (माओवादी) ले गरेको भए पनि यसबाट स्थापित पहिचान, अधिकार, मुक्ति, न्याय, समानता र स्वतन्त्रताजस्ता प्राप्त उपलब्धि सम्पूर्ण परिवर्तनकामी नेपालीका साझा मुद्दा हुन् ।

जनयुद्ध तत्कालीन संयुक्त जनमोर्चाले सरकारलाई बुझाएको ४० बुँदे मागपत्र सुनुवाइको सट्टा पार्टी नेता, कार्यकर्ता र सर्वसाधारणमाथि भएको निर्मम दमनका विरुद्ध गरिएको शंखघोष थियो । सरकारले ४० बुँदे मागको सुनवाइ र सम्बोधन गरेको भए १७ हजार मानिसको बलिदानी र राज्यले यति ठुलो भौतिक क्षति बेहोर्नुपर्ने थिएन । इतिहासमा नेपाली कांग्रेसले सन् १९५० मा बैरगनिया सम्मेलनपछि राणाविरुद्ध सशस्त्र क्रान्तिको नीति लिएर बन्दुक उठाएको थियो । त्यस्तै, २०२८ सालमा तत्कालीन नेकपा (माले) ले ‘सामन्तलाई नगिँडे सैनिकसँग नभिडे आउँदैन है जनवाद छमछम नाचेर’ भन्दै झापा विद्रोह गरेको थियो । युद्ध, विद्रोह वा क्रान्ति रहरको विषय नभएर तत्कालीन राज्यसत्ताले गरेको बर्बरतापूर्ण दमनका विरुद्ध बाध्यताको उपज हो ।

तत्कालीन राजा वीरेन्द्रको वंश विनाशपछि बनेका राजा ज्ञानेन्द्रले २०५९ माघ १९ गते सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिई ‘कु’ गरेपछि युद्धरत माओवादी शान्ति प्रक्रियामा आउने र माओवादीले उठाएका एजेन्डामा कांग्रेस, एमाले लगायत सात दल आउने परिस्थिति सिर्जना भएको कुरा दिउँसोको घाम जत्तिकै छर्लंग छ । त्यस कारण मूलभूत रूपमा माओवादीको दशवर्षे जनयुद्धले उठाएका एजेन्डाका आधारमा संविधानसभाबाट जनताका प्रतिनिधिद्वारा व्यवस्था परिवर्तन, संविधान निर्माण, सैीयता, समानुपातिक प्रणाली, धर्मनिरपेक्षेता, महिला, दलित, मधेसी, आदिवासी, जनजाति, थारु, अल्पसंख्यक, राज्यद्वारा पछाडि पारिएको भूगोलमा बसोबास गर्ने समुदायमा उच्च राजनीतिक जागरणसहित पहिचान र अधिकार स्थापित भएको हो ।

यदाकदा जनयुद्ध शब्दावलीलाई लिएर यथास्थितिवादी, पुरातनपन्थी र सामन्तवादी अवशेषका रूपमा रहेका प्रेतात्माहरूले रोइलो गरेको पनि सुनिन्छ । आमनेपाली जनता र विश्व समुदायले स्विकारेको जनयुद्ध त्यस्ता तत्त्वलाई अप्रिय लाग्नु स्वाभाविकै हो । जगलाई भत्काएर घरको मात्र आशा गर्ने कुरा आफैँमा हास्यास्पद हो । यसलाई परिवर्तनकामी सचेत जनताले निर्माण गरेको गणतन्त्रात्मक व्यवस्था र तमाम अग्रगामी परिवर्तनहरू भत्काउन गरिएको दुस्प्रयासका रूपमा बुझ्न जरुरी छ ।

भर्खरै मात्र सर्वोच्च अदालतको संवैधानिक इजलासले सरकारी कामकाजमा जनयुद्ध शब्द प्रयोग नगर्न अन्तरिम आदेश गरेको छ । संवैधानिक इजलासले २०८१ मङ्सिर २६ गते गरेको निर्णय पुस ४ गते सार्वजनिक गरेको हो । कतिपय मानिसको मृत्यु भएपछि मुद्दाको फैसला गर्ने र कतिपयलाई कैयौँ वर्ष जेल सजाय काटेपछि निर्दोष भएको फैसला गर्ने हाम्रो न्यायालयले छिटो-छरितो र न्यायोचित ढङ्गले न्याय सम्पादन गर्नुको साटो राजनीतिक विषयमा गरिने यस्ता खालका निर्णयले बारम्बार आफैँलाई विवादित बनाइरहेको छ । हुन त जब राजनीतिक पार्टीका कोटामा न्यायमूर्तिहरू नियुक्ति हुन्छन्, यस्ता निर्णयहरू हुने कुरा स्वाभाविकै हो । सबैलाई हेक्का हुनुपर्छ कि अहिलेका तमाम राजनीतिक परिवर्तनहरू अदालतको फैसलाबाट भएका होइनन् ।

तत्कालीन समयमा पृथ्वीनारायण शाहले ब्रिटिस साम्राज्यको विश्वव्यापी दबदबा रहेका बेला टुक्राटुक्रामा विभाजित बाइसे-चौबिसे राज्यहरूलाई मिलाएर नेपाललाई भौगोलिक रूपमा एकीकरण गराउने काम हाम्रो देशको राजनीतिमा निकै महत्त्वपूर्ण परिघटना थियो । त्यसै गरी प्रचण्डको नेतृत्वमा नेकपा (माओवादी) ले गरेको दशवर्षे जनयुद्ध आम जनतालाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा अधिकार सम्पन्न गराउने काम नेपालको राजनीतिमा अर्को निकै महत्त्वपूर्ण दूरगामी राजनीतिक परिघटना हो ।

पृथ्वीनारायण शाहले सन् १७६८ मा सुरु गरेको नेपाल एकीकरणका क्रममा भएका थुप्रै पाटामा बहस गर्न सकिन्छ तर विभिन्न टुक्रामा विभाजित राज्यहरूलाई मिलाएर एउटा सिङ्गो बलियो राज्य निर्माण गर्ने काम निकै दुरगामी महत्त्वको थियो । यसलाई विनापूर्वाग्रह मान्यता दिनुपर्छ भनी स्वयं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड नेतृत्वको मन्त्रीपरिषदद्वारा पौष २७ गते पृथ्वीनारायण शाहको जन्म दिनलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउने निर्णय गरिएको थियो । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डले नेपाली कांग्रसले राणा विरुद्ध गरेको सशस्त्र क्रान्ति र तत्कालीन नेकपा (माले)ले सामन्तका विरुद्ध गरेको झापा विद्रोह परिवर्तनगामी राजनीतिक परिघटनाहरू हुन् भन्दै प्रसंशा गर्दै आउनुभएको छ । त्यस कारण यति ठुलो परिवर्तनको आधार जनयुद्धलाई पनि कोही कसैले अवमूल्यन नगरी साझा सम्पत्तिका रूपमा ग्रहण गर्नुपर्छ । ऐतिहासिक राजनीतिक परिघटनाहरूलाई विनापूर्वाग्रह तिनको योगदानका आधारमा वस्तुनिष्ठ विश्लेषण गरी मान्यता दिन कसैले पनि कन्जुस्याइँ गर्नु हुँदैन ।

जनयुद्धको उद्देश्य र लक्ष्य पवित्र हुँदाहुँदै पनि नचाहँदा नचाहँदै कहिलेकाहीँ दुःखद घटनाहरू भए होलान्, किनकि युद्ध व्यवस्थित तवरबाट आयोजना गरिएको भोजभतेर जस्तो हुँदैन । युद्धका क्रममा विभिन्न खाले घुसपैठहुन्छन्, कहिलेकाहीँ पार्टीबाट पनि भुलवश कमजोरी हुन सक्छन् । गलत प्रवृत्ति भएका मानिसको घुसपैठलाई निस्तेज पार्दै, पार्टीबाट भएका कमी-कमजोरीका विषयमा आत्मालोचित हुँदै गल्तीबाट पाठ सिक्ने कुरा नै मार्क्सवादी तरिका हो । निःस्वार्थ ढङ्गले यी तमाम परिवर्तनका खातिर महान् जनयुद्धका क्रममा हाँसीहाँसी बलिदानी दिने हजारौँ सहिद, बेपत्ता, घाइतेहरूप्रति सबैले उच्च सम्मान गर्नुपर्छ ।

### संसदीय राजनीतिको समीक्षा

पहिलो संविधानसभाको चुनावअगाडि नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डले नेकपा (एमाले)सँग चुनावी गठबन्धन गरेर जानका लागि प्रस्ताव गर्नुभएको थियो । त्यस प्रस्तावलाई नेकपा (एमाले) ले स्विकार गरेन । वाम गठबन्धन भई पहिलो संविधानसभाको चुनावमा गएको भए देशमा वामपन्थीहरूको वर्चस्व हुन्थ्यो र समयमै संविधान निर्माण भएर देशले विकासमा फड्को मारि सकेको हुन्थ्यो । यद्यपि २०६५ सालमा भर्खरै दशवर्षे जनयुद्धको पृष्ठभूमिबाट आएको नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड नेतृत्वको सरकार सित संसदको तीनचौथाइ बहुमत साथमा थियो ।

जनयुद्धको रापतापबाट आएको माओवादीलाई आम जनताले ठुलो आशाका नजरले हेरेका थिए । कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डले हस्ताक्षर गरेर संविधान सभाको निर्वाचन र सैीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको थियो । त्यसकारण माओवादीले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति र माओवादीको प्रधानमन्त्री बनाएर एमालेसहितको सहमतिको सरकार बनाएको भए २ वर्षमै संविधान निर्माण हुने र शान्ति प्रक्रियाका बाँकी कामहरू पनि सहज रूपमा पुरा हुने अवस्था बन्न सक्थ्यो । संसदीय अभ्यासमा कमी र कांग्रेस एमाले जोड्दा पनि उनीहरूभन्दा धेरै सिट जितेकाले बढी अहङ्कारका कारण राष्ट्रपति, प्रधानमन्त्री, सेना सबै कब्जा गर्छौं भन्दा त्यो माओवादीका लागि प्रतिउत्पादक भयो ।

विद्रोह र निर्वाचन दुइटालाई समानान्तर कार्यदिशा बनाइएकाले अन्योलता सिर्जना भई पार्टीले विभाजन बेहोर्नुपर्‍यो । विद्रोही शक्ति मोहन वैद्य नेतृत्वको नेकपा माओवादीले सबैभन्दा ठुलो शत्रु प्रचण्ड नेतृत्वको माओवादीलाई ठानेको स्थिति थियो । २०७० सालको दोस्रो संविधानसभा निर्वाचन बहिष्कार गरेको वैद्य नेतृत्वको माओवादीले बरु कांग्रेस-एमाले जितुन् तर प्रचण्ड नेतृत्वको माओवादीलाई धुलो चटाउनुपर्छ भन्ने खालको प्रतिशोधले विभिन्न ठाउँमा भौतिक आक्रमण समेत गरेको थियो । परिणामतः संविधानसभाको निर्वाचनमा प्रचण्ड नेतृत्वको माओवादी पहिलोबाट तेस्रो पार्टी बन्न पुग्यो ।

राजनीतिक एजेन्डाका हिसाबले ठिक ठाउँमा हुँदाहुँदै पनि संसदीय निर्वाचनमा आत्मविश्वास कमजोर बनाएर माओवादीद्वारा विना हराएको कस्तुरीझैँ कहिले कांग्रेस त कहिले एमालेसँग गठबन्धन गरियो । यसरी माओवादी आन्दोलनले यी अभूतपूर्व अवसरहरू गुमायो । पछिल्लो समय नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारले सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेन्डा अगाडि सार्दैजस्ता खालका काम गर्‍यो, त्यसले जनतामा पुनः आशाको रक्तसञ्चार गरेको छ । नेकपा (माओवादी केन्द्र) ले २०८१ मङ्सिर १६ गते सम्पन्न भएको स्थानीय तहको उपनिर्वाचनमा देशभर प्राप्त गरेको परिणामले पनि त्यो सङ्केत गर्दछ ।

माओवादी अध्यक्ष प्रचण्ड तीनपटक प्रधानमन्त्री हुँदा निकै दुरगामी महत्त्वका काम भएका छन् । पहिलोपटक सरकारको नेतृत्व गर्दा दीर्घकालीन महत्त्वका मध्यपहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग), मदन भण्डारी राजमार्ग, उत्तर दक्षिण कोरिडोर लगायत भौतिक पूर्वाधारको काम अगाडि बढाइएको थियो । त्यस्तै सामाजिक न्यायको क्षेत्रमा गरिब किसानहरूका लागि कार्यक्रम ल्याएर ३० हजारसम्मको ऋण मुक्त गरिएको थियो ।

दोस्रोपटक प्रधानमन्त्री हुँदा जनार्दन शर्मालाई ऊर्जा मन्त्री र कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको प्रबन्ध निर्देशक बनाएर नेपालमा १८ २० घण्टा लोडसेडिङ हुने अवस्थाबाट मुक्त गरिएको थियो । त्यस्तै तेस्रो कार्यकालमा भ्रष्टाचार संस्थागत भएर नेपाली समाजमा विकृत बनाइरहेको अवस्थामा त्यसका विरुद्ध हमला गर्ने र अभियान छेड्ने काम भयो । त्यस्तै, सरकारी जग्गा व्यक्तिका नाममा बनाउने भूमाफियाका विरुद्ध प्रहार गरियो । सामाजिक न्यायका क्षेत्रमा मिटरब्याज पीडितको पक्षमा ऐन बनाई तिनीहरूलाई न्याय दिलाउने र लाखौँ नेपाली नागरिकताविहीन हुने स्थितिबाट बचाउनका लागि नागरिकता ऐन पारित गराउने, वैदेशिक रोजगारी गएका श्रमिकहरूका लागि सामाजिक सुरक्षा कोषमा आबद्ध गराई उनीहरूका सन्ततिको भविष्य सुनिश्चित गराउने काम गरियो ।

पुँजीवादी संसद् बृहत् समाजको सापेक्षतामा त्यसको एउटा प्रतिनिधिमूलक विधि र नीति निर्माण गर्ने र त्यो विधि नीति कार्यान्वयन गर्ने व्यवस्थापकको रूपमा सरकार चुन्ने सानो थलो मात्रै हो । त्यसैले कुनै पनि कम्युनिस्ट पार्टीले आफ्नो सम्पूर्ण जुझारु शक्ति संसद्मा र त्यसले बनाउने सरकारमा केन्द्रित गर्नु हुँदैन । माओवादी केन्द्रको आठौँ राष्ट्रिय महाधिवेशनमा व्यापक छलफल, बहस र विमर्शपछि सर्वसम्मत रूपमा ‘एक्काइसौँ शताब्दीमा समाजवादको नेपाली बाटो’ भन्ने दस्ताबेज पारित गरेको छ । समाजवादी क्रान्तिको कार्यदिशा वा समाजवादको रणनीति कार्यनीति भनेको त्यही दस्ताबेजद्वारा निर्देशित छ । यसलाई प्राप्त गर्न २१औँ शताब्दीको विशेषता अनुसारको रणनीति, कार्यनीति र कार्यक्रम बनाएर अगाडि बढ्नुपर्छ ।

### अबको बाटो

नेपाली समाज केही छिटफुट सामन्ती अवशेषबाहेक मूल रूपमा पुँजीवादी भइसकेको तर दलाल र अनुत्पादक पुँजीको बाहुल्य भएको हुँदा हाम्रो मुख्य कार्यभार पराश्रयी पुँजीवादी प्रक्रियालाई स्वाधीन आत्मनिर्भर अर्थतन्त्रमा बदल्ने र राष्ट्रिय पुँजीको निर्माण गर्दै समाजवादको यात्रामा अगाडि बढ्ने हुनुपर्छ । राजनीतिक दृष्टिकोणले सडक, सरकार र सदन गरी तीनवटै मोर्चाबाट समाजवादको आधार तयार पार्न सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेन्डालाई केन्द्रित गरेर कार्यनीतिक रूपमा आम जनताले बुझ्ने भाषामा कार्यक्रम बनाएर अभियानात्मक रूपमा अगाडि बढ्नुपर्दछ । राजनीति क्रान्तिले अङ्गीकार गरेको दर्शन, संस्कृति र कार्यशैलीलाई जनस्तरमा पुर्‍याउने भनेको सांस्कृतिक रूपान्तरणको कुरा हो । जबसम्म राजनीतिक परिवर्तन, आर्थिक विकास र समृद्धिको यात्रा सांस्कृतिक रूपान्तरण, चेतनाको अभिवृद्धि, वैचारिक अभियानसँग जोडिँदैन, त्यो समाजवादतर्फ जान सम्भव हुँदैन ।

नेकपा (माओवादी केन्द्र) ले इतिहासमै पहिलोपटक विधान सम्मेलन पनि सम्पन्न गरेको छ । विधानको मस्यौदा सुझाव सङ्कलनका लागि तलतल पार्टीका वडा, टोल कमिटी, जनवर्गीय संगठनहरूमा लैजाने कुरा जनवादको उच्चतम प्रयोग हो । अहिलेका तमाम राजनीतिक र सांगठनिक प्रश्नहरूलाई सम्बोधन गर्ने गरी समयानुकूल विधान बनाउन सक्यौँ या सकेनौँ भन्ने आफैँमा महत्त्वपूर्ण छँदै छ, त्यसभन्दा पनि अझ बढी महत्त्वपूर्ण कुरा हामी विधानलाई सही ढङ्गले कार्यान्वयन गर्छौं कि गर्दैनौँ भन्ने हो ।

शान्ति प्रक्रियामा आइसकेपछि जनता र माओवादीबिचको जीवन्त सम्बन्धको कडी धेरै हदसम्म टुटेको छ । हिजो युद्धरत अवस्थामा निरन्तर जनताका सुखदुःखसँग हातेमालो गर्दै अगाडि बढेका पार्टीका नेता, कार्यकर्ताहरू लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थापछि हाम्रा सम्पूर्ण कार्यभार पूरा भइसके, अब गर्नुपर्ने बाँकी केही छैन भनेझैँ विश्राम गरेको आभास हुन्छ । जनताले माओवादीलाई नरुचाएका होइनन्, जनताले माओवादी नेता तथा कार्यकर्तासँग बदलिएको परिस्थितिमा नयाँ खालको जीवन्त सम्बन्धलाई नवीकरण गर्न खोजेका छन् । हरेक युगमा सोही युग अनुकूलको नेतृत्व आवश्यक पर्छ । एउटा चरणमा महत्त्वपूर्ण भूमिका खेलेका व्यक्तिहरूले पनि आफूलाई युग अनुसार परिष्कृत गर्नैपर्ने हुन्छ । कुनै विशेष चरणमा महत्त्वपूर्ण योगदान गरेका मानिसले सधैँभरि त्यही ढङ्गले काम गर्ने परिस्थिति नहुन सक्छ । हामीले जोकसैले गरेको विगतको योगदानको उचित सम्मान गर्दै आम जनतालाई आकर्षित गर्ने पार्टी निर्माण गर्नुपर्छ ।

नेपाली कम्युनिस्टहरूको दोहोरो चरित्र, दोहोरो जीवनशैली, आफ्नो वर्गप्रतिको गैरजवाफदेहिता र इमानदारिता नै मुख्य समस्या हो । तथापि वामपन्थी दल सबैले एकताबद्ध रूपमा वा गठबन्धन गरेर चुनाव लड्ने हो भने यसलाई अझै पनि सैीय, प्रादेशिक र स्थानीय तहमा चुनौती दिन सक्ने राजनीतिक शक्ति तत्काल अर्को देखिँदैन । आम मतदाता अझै कम्युनिस्ट प्रिय रहेका छन् तर हामी कम्युनिस्टहरू आफैँ कति कम्युनिस्ट सिद्धान्त, सोच, जीवनशैली र आचरणका छौँ भनी आफैँलाई प्रश्न गर्दै पुनरवलोकन गर्न जरुरी छ । आफूलाई कम्युनिस्ट पार्टी हुँ भन्नेले आधारभूत रूपमा मजदुर, किसान, उत्पीडित समुदाय लगायत विभिन्न खाले श्रमिक वर्गमाथि हुने सबै खालको शोषण, उत्पीडनबाट मुक्ति र त्यसका लागि निरन्तर सैर्ष गर्नुपर्छ । यस्तो खालको सैर्ष कम्युनिस्ट पार्टीहरूले आवश्यकता ठान्दैनन् भने जनताले पनि त्यस्ता कम्युनिस्ट पार्टीलाई आवश्यक ठान्नेछैनन् । कम्युनिस्टहरूमा वर्तमान अर्थराजनीति र आन्दोलनका कार्यक्रमभन्दा पनि विगत इतिहासका कुराले, सामुदायिक स्वार्थ प्रधानताले भन्दा निजी अहङ्कारले, सबैभन्दा बढी जडसूत्रवादी र यान्त्रिक चिन्तन पद्धतिले एकताबद्ध हुन छेकिरहेको देखिन्छ । कम्युनिस्टहरूले फराकिलो र बृहत् दृष्टिकोणका साथ सिद्धान्तनिष्ठ भएर अगाडि बढ्न आवश्यक छ ।

कम्युनिस्ट पार्टीहरूले संसदीय सत्ता र चुनावी स्वार्थका लागि कम्युनिस्टको न्यूनतम चरित्र र विशेषता नै नभएका तथा समाजका खराब प्रवृत्ति भएका मानिसलाई समेत फूलमालाले पार्टीमा स्वागत गर्ने विषयमा प्रतिस्पर्धा नै चल्न थालेको छ । पहिलो, यस्ता खराब प्रवृत्ति भएका मानिसलाई पार्टी प्रवेशमा काँटछाँट गर्ने संयन्त्र बनाउन जरुरी छ । दोस्रो, कसैको विगतमा केही गल्ती गरेको भए पनि सच्चिएर अगाडि बढ्न चाहन्छ भने त्यस्ता मानिसको वर्गीय, वैचारिक र सांस्कृतिक रूपान्तरणका लागि पार्टीको संयन्त्र बनाउनुपर्छ । तेस्रो, त्यस्ता मानिसहरूको व्यावहारिक रूपान्तरण पछि मात्र विचार, कार्य र चरित्रका आधारमा नेतृत्वदायी पदहरूमा जिम्मेवारी दिने प्रक्रिया अपनाउनुपर्छ । मानिस पूर्ण कहिल्यै पनि हुँदैन । कम्युनिस्ट हुँदा पनि पूर्ण हुँदैन । गल्ती, कमी, कमजोरी हुन्छन् । सच्चा कम्युनिस्टले त्यसलाई आत्मालोचनासहित स्विकार्ने र सच्याउने गर्छ । कम्युनिस्ट हुनु भनेको अझ धेरै मानवीय र विवेकशील हुनु हो । शोषण, उत्पीडन, भेदभाव आफू पनि नगर्ने र अरूले गरेको पनि नसहने हुनु हो ।

पुँजीपतिहरूले साहित्य, सूचना तथा सञ्चारमाध्यम, सामाजिक सञ्जाल, इन्टरनेट, आर्टिफिसियल इन्टिलिजेन्टजस्ता पुँजीवादी वैचारिक सांस्कृतिक आन्दोलनलाई निरन्तर र प्रभावकारी रूपमा चलाइरहेका हुन्छन् । आधुनिक सञ्चार माध्यम र अन्य साधनको व्यापक प्रयोग गर्न पुँजीपति वर्ग जस्तै कम्युनिस्टहरू पनि अत्यन्त सिपालु हुन आवश्यक छ । नेपालको कम्युनिस्ट आन्दोलन पनि एक्लै अस्तित्वमा रहन र विकसित हुन सक्दैन । विश्व पुँजीवादको सञ्जाल र प्रभाव क्षेत्र निकै विशाल छ । नेपालका कम्युनिस्टले पनि विश्वभरिका श्रमिक वर्ग र समाजवादसित अन्तर्सम्बन्ध विस्तार गर्दै अत्याधुनिक वैज्ञानिक विधि र माध्यमहरूको व्यापक प्रयोग गर्नुपर्छ ।

विश्वमा जहाँ समाजवादी शासन व्यवस्था ढले, त्यसबाट नेपाली कम्युनिस्ट आन्दोलनले गम्भीर रूपमा शिक्षा लिन जरुरी छ । जहाँ पुँजीवादी महाशक्तिको नाकैमुनि सैर्ष गर्दै समाजवादको असल अभ्यास गर्दै आफूलाई टिकाइरहेका छन्, त्यसबाट पनि शिक्षा लिन जरुरी छ । अहिले नेपाल निराशा र अन्योलको भुँमरीमा परेको छ । सकारात्मक दृष्टिकोणबाट हेर्ने हो भने निराशा र अन्योलता आफैँमा नराम्रो कुरा होइन, किनकि निराशा र अन्योलताले नै नयाँ बाटोको खोजी गर्दछ । त्यो नयाँ बाटो पहिल्याउने र देखाउने काम कम्युनिस्टहरूले गर्न सक्नुपर्छ । अहिलेको परिवर्तनको मुख्य शक्ति भएकाले त्यसको अगुवाइ माओवादी पार्टी र त्यसको नेतृत्वले गर्न सक्नुपर्छ । विगतका सुन्दर इतिहासको पुँजीले मात्र वर्तमानको कुरूप यथार्थ छोपिन सक्दैन । वर्तमान सुन्दर हुनका लागि वर्तमानका सही कर्म गर्नुपर्छ । हामीले इतिहासको विरासतमा गर्व त गर्नैपर्छ तर त्योभन्दा महत्त्वपूर्ण कुरा इतिहासको गौरवगाथासँगै आजको वस्तुगत परिस्थिति अनुसार आफूलाई परिस्कृत गर्र्न आवश्यक हुन्छ ।

*(साभार: रातोपाटी)*

# रविको निलम्बनपछि पार्टी र संसदीय दलको नेता को ?





काठमाडौं/सहकारी ठगी प्रकरणमा हिरासत भोगिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा दर्ता भएसँगै उनको प्रतिनिधि सभा सदस्य पद निलम्बनमा पर्ने भएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीले लामिछाने विरुद्ध मुद्दा दर्ता भएको जानकारी संसदमा आइतबार पठाएको छ ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार आइतबार ढिलोगरी प्राप्त जानकारी सोमबार कार्यालय समयमा संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय हुँदै सभामुख देवराज घिमिरेकहाँ पुग्नेछ । 'आइतबार ढिलो गरी जानकारी प्राप्त भएकाले सोमबार प्राप्त जानकारीका सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढ्नेछ,' प्रवक्ता गिरी भन्छन् ।

संसद्का महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार प्रहरीले पठाएको पत्रमा लामिछानेविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा दर्ता भएको व्यहोरा उल्लेख छ । प्राप्त पत्रउपर थप अध्ययन गरेर प्रक्रिया अघि बढाइने महासचिव पाण्डेयले जानकारी दिए । संविधानको धारा १०३ मा प्रतिनिधि सभाका कुनै सदस्य फौजदारी अभियोगमा पक्राउ परे सभामुखलाई तत्काल जानकारी गराउनुपर्ने व्यवस्था छ ।

'तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई संघीय कानुन बमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुर्‍याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ,' संविधानको धारा १०३ को उपधारा ६ मा छ । लामिछाने गत २ कातिकमा काठमाडौंबाट पक्राउ परेका थिए । त्यसको जानकारी जिल्ला प्रहरी कार्यालयले त्यसबेलै गरेको थियो । जानकारी पाएपछि संघीय संसद् सचिवालयले लामिछाने पक्राउ परेको सूचना निकालेको थियो ।

२ कात्तिकमा पक्राउ परेको र आइतबार मुद्दा दर्ता भएको भनेर जिल्ला प्रहरी कार्यालय कास्कीले पुन: सभामुख घिमिरेलाई जानकारी गराएको हो । आइतबारको संसद् सचिवालय पुगेको सूचनामा लामिछानेको निलम्बनबारे उल्लेख छ । प्रतिनिधि सभा सदस्य नियमावलीमा प्रचलित ऐनमा अन्यथा लेखिए बाहेक कुनै पनि कसुरमा पक्राउ परेको प्रतिनिधि सभा सदस्य पुर्पक्षका लागि थुनामा गएको अवस्थामा निलम्बनमा पर्ने उल्लेख छ । यससम्बन्धी व्यवस्था प्रतिनिधि सभा नियमावलीको नियम २४८ मा छ ।

नियम २४८ को उपनियम ३ मा भनिएको छ, 'प्रचलित कानुन बमोजिम तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षको लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर वा अदालतको आदेश बमोजिम पुर्पक्षको लागि थुनामा बस्नुपर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको भएमा निजलाई सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुने छैन र त्यस्तो अवधिभर निज निलम्बनमा रहनेछ ।'

रवि लामिछानेको हकमा सम्पत्ति शुद्धीकरणको मुद्दासमेत चलेकाले उनी स्वत: निलम्बनमा पर्ने जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले जनाएको छ । कास्कीका जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले यसका लागि सम्पत्ति शुद्धीकरण ऐनलाई देखाएकी छन् । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित)को दफा २७ मा यस सम्बन्धी व्यवस्था छ ।

जहाँ भनिएको छ, 'प्रचलित कानुन बमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्र सेवक यस ऐन बमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निज उपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वत: निलम्बन भएको मानिनेछ ।'

निर्वाचन आयोगका अधिकारीहरू पनि सांसद पद जानका लागि अदालतले निर्णय गर्नुपर्ने तर, सम्बन्धित व्यक्तिविरुद्ध सम्पत्ति शुद्धिकरणमा मुद्दा दर्ता भए निलम्बनमा पर्ने बताउँछन् । आयोगका एक आयुक्तले संचारकर्मीसँग भने, 'भ्रष्टाचार र सम्पत्ति शुद्धिकरण ऐन विषय ऐन हो । त्यसकारण प्रतिनिधि सभा नियमावलीको व्यवस्था भन्दा विशेष ऐन लामिछानेको हकमा आकर्षित हुन्छ ।'

सांसद पद नै जाने सम्बन्धि व्यवस्था भने प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनको दफा १६ मा छ । 'सदस्यको पदमा निर्वाचित कुनै व्यक्ति...अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुनेछ,' दफा १६ को उपनियम १ मा छ । यी कानुनी व्यवस्थाका कारण सम्पति शुद्धिकरणको मुद्दाको किनारा नलागेसम्म लामिछानेको सांसद पद निलम्बन हुनसक्ने भनेर रास्वपाका नेता/कार्यकर्ता आन्तरिक छलफलमा जुटेका छन् ।

रास्वपाको पार्टी सभापतिको कामको जिम्मेवारी कसले लिने र रास्वपा संसदीय दलको नेताको जिम्मेवारी कसको हुने भन्ने विषयमा चासो पनि बढेको छ । रास्वपाका केन्द्रीय सदस्य गणेश कार्की लामिछानेको सांसद पद निलम्बनमा पर्न सक्ने वा निलम्बनमा परेता पनि सांसद पद नै खारेज भएको रुपमा बुझ्न नहुने बताउँछन् । उनी भन्छन्, 'निलम्बनमा पर्नु भनेको पद खाली हुनु होइन । यसकारण संसदीय दलको नेता के हुन्छ भन्ने प्रश्न छैन ।' तथापि, दलको नेता नै निलम्बनमा रहँदा संसदीय दलको बैठक बस्नु पर्दा के गर्ने भन्ने कल्पना रास्वपाको विधानले गरेको छ । हाल रास्वपाको संसदीय दलको उपनेतामा विराजभक्त श्रेष्ठ छन् ।

अब रास्वपा संसदीय दलको बैठक बस्नु पर्दा रवि लामिछाने निलम्बनमा रहुन्जेल श्रेष्ठले संसदीय दलको बैठकको अध्यक्षता गर्नेछन् । अर्थात्, श्रेष्ठले संसदीय दलको नेताको भूमिका निर्वाह गर्नेछन् । रास्वपाका एक नेता भन्छन्, 'दलको विधानले संसदीय दलको नेताको अनुपस्थितिको कल्पना गरेको छ । यस्तो भएको अवस्थामा उपनेताले स्वत: दलको नेताको भूमिका पाउनेछन् ।'

श्रेष्ठ भने यस सम्बन्धमा पार्टीको केन्द्रिय समिति र पदाधिकारीस्तरमा छलफल हुनुपर्ने अडानमा रहेको नेताहरू बताउँछन् । रास्वपाकै अर्को एक नेताका अनुसार केहीले यसअघि नै श्रेष्ठको नेतृत्वमा संसदीय दलको बैठक राख्नुपर्ने माग राखेका थिए । तर, श्रेष्ठले मानेका थिएनन् । दलको नेता प्रहरी हिरासतमा रहेका बेला उपनेताको नेतृत्वमा दलको बैठक राख्दा राम्रो सन्देश नजाने भन्दै श्रेष्ठले मानेका थिएनन् । अब भने दलको नेता नै निलम्बनमा पर्ने अवस्थामा श्रेष्ठले दलको नेताको भूमिका निर्वाह गर्नुपर्ने भएको छ ।

यसका लागि समेत केन्द्रीय समितिको बैठक र पदाधिकारीको बैठक बसेर निर्णय लिएर अगाडि बढ्ने तयारीमा रास्वपाका नेताहरू छन् । 'रास्वपाको विधानत: दलको नेता निलम्बनमा पर्दा उपनेताले नेतृत्व गर्ने हो । तथापि, यो एउटा खाली जिम्मेवारीको कुरा हो । जे हुन्छ, सल्लाहमै हुन्छ,' ती नेताले संचारकर्मीसँग भने । यही नीति रास्वपाको सभापतिको हकमा पनि लागू हुन्छ ।

रास्वपामा हाल स्वर्णिम वाग्ले र डोलप्रसाद अर्याल उपसभापति छन् । 'दुई उपसभापतिमध्ये ज्येष्ठ उपसभापतिले वा सभापतिले तोकेको उपसभापतिले सभापतिको अनुपस्थितिमा कार्यबाहक सभापतिको रुपमा सभापतिको कार्य गर्ने,' रास्वपाको विधानमा छ । वाग्लेको उमेर अर्यालभन्दा केही बढी छ । रास्वपाको पार्टी सदस्यको योग्यतामा समेत भ्रष्टाचारसँग सम्बन्धित विषय छ । विधानको धारा १३ मा रास्वपाको सदस्य हुन भ्रष्टाचारप्रति असहिष्णु, संवैधानिक सर्वोच्चता, विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध भएको हुनुपर्ने उल्लेख छ ।

रास्वपाको सदस्यको योग्यताबारे विधानको धारा १३ (घ) मा भनिएको छ, 'भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारप्रसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पति शुद्धिकरण, अपहरण सम्बन्धी कसुर, हत्या सम्बन्धी कसुर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको १ वर्ष भन्दा बढी अवधि पूरा गरेको हुनुपर्ने ।' लामिछानेको हकमा लागेको आरोप र कास्की जिल्ला अदालतमा दर्ता भएको मुद्दा सदर भएमा सदस्यको योग्यताको समेत प्रश्न उठ्नेछ ।

*(स्रोत: अनलाइनखबर)*

# ६ महिनापछि 'कार्साङ'मार्फत् पर्दामा देखिँदै दयाहाङ



काठमाडौं/अभिनेता दयाहाङ राईलाई कतिपयले राजेश हमालको पुनरावृत्ति भन्ने गरेका छन् । हमालले झैं फिल्मको संख्यात्मक वृद्धिमा जोड दिँदा उनले यो आलोचना खेप्नु परेको हो । गत वर्षसम्म उनका फिल्म यसरी आए, मानौं उनी फिल्म उत्पादन गर्ने मेसिन हुन् । गत वर्ष (२०८०) मात्र उनका ९ वटा फिल्म हलमा रिलिज भएका थिए । दुईपटक त एउटै मितिमा उनका आफ्नै फिल्म भिड्न पुगे ।

दयाहाङका फिल्म सिरियलजसरी आउँदा दर्शकहरु नै दिक्दार बनेका थिए । 'एउटै अनुहार कति हेर्ने' भन्ने मनोविज्ञान बन्न थालेको थियो, जुन उनको करिअरकै लागि खतराको सूचक थियो । यसैले उनले काम गर्ने शैली बदल्नैपर्ने थियो । अब उनले यसमा ध्यान दिन थालेको देखिन्छ । यस वर्ष उनले थोरै फिल्म गरेका छन् । र, फिल्म रिलिजको अन्तर पनि बढ्न थालेको छ ।

असारयता उनका कुनै फिल्म हलमा लागेका छैनन् । उनको पछिल्लो फिल्म 'घरज्वाइँ' गत असार २८ गते प्रदर्शन भएको थियो । अब ६ महिनापछि उनको नयाँ फिल्म 'कार्साङ' यही पुष २६ गतेबाट प्रदर्शनमा आउँदैछ । आधा वर्षपछि उनको फिल्म आउन लागेकाले दर्शकमा पनि उत्साह देखिएको छ । फिल्मको टिजरलाई युटयुबमा मिलेको सकारात्मक प्रतिक्रिया यसको प्रमाण हो ।

फिल्ममा दयाहाङले गाउँले परिवेशको चरित्र बाँचेका छन्, जो पेशाले शेर्पा समुदायको झाँक्री हुन्छ । गरिबी, अभाव र बाध्यताबीच पनि आफ्नो जातिको संस्कार जोगाउने चरित्रमा उनी छिन् । गत महिना युट्युबमा सार्वजनिक भएको टिजरले 'कार्साङ'को कथा भुईंमान्छेको रहेको प्रष्ट पार्छ । दयाहाङले चरित्र निर्माणमा मिहिनेत गरेको पनि देखिन्छ ।

'कार्साङ'मा यम शेर्पाको निर्देशन छ । यो उनको पहिलो निर्देशकीय फिल्म हो । उनले पहिलो फिल्ममा नै आफ्नो समुदायको कथा उठाएका छन् । उनी स्वयंको लेखन रहेको फिल्ममा दयाहाङसहित जितु नेपाल, सिर्जना निङ्लेखु, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, सुरवीर पण्डित लगायतको अभिनय छ । यसमा पुरुषोत्तमको प्रधान छायांकन छ भने निर्माता पनि उनी स्वयं हुन् ।

# ४९ दिनमा सकियो 'होस्टेल ३'को छायांकन, फागुन १६ मा रिलिज नहुने



काठमाडौं/'होस्टेल'को तेस्रो श्रृंखलाको रुपमा निर्माण भएको फिल्म 'होस्टेल ३'को प्रमुख छायांकन सकिएको छ । दुई चरणमा गरी ४९ दिनमा शुक्रबार फिल्मको छायांकन पूरा भएको निर्देशक सशान कँडेलले जानकारी दिए । केही कलाकारहरूको बडी ट्रान्सफर्मेसन (शारीरिक परिवर्तन)का फुटकर छायांकन भने बाँकी रहेको उनको भनाई छ । त्यो केही हप्तापछि गरिने उनले बताए ।

छायांकन सुरु हुनभन्दा अगाडि नै महाशिवरात्रिलाई लक्षित गर्दै आगामी फागुन १६ गतेलाई फिल्मको प्रदर्शन मिति समेत घोषणा गरिएको थियो । तर, महाशिवरात्रिमा फिलमहरुको चाङ लागेपछि 'होस्टेल ३'को रिलिज स्थगन गरिएको छ । चाँडै फर्स्टलुक पोस्टरमार्फत् नयाँ प्रदर्शन मितिबारे जानकारी गराइने निर्देशक कँडेलले बताए ।

माधव शर्माको पटकथा तथा संवाद र निर्देशक कँडेलको कथा रहेको फिल्ममा पारस बम, रिहान गिरी, आशिष घिमिरे, पदम तामाङ, सिम्रन पन्त, हेना नगरकोटी, उमर खान, समा पराजुली, सन्तोष बानियाँ, रोहन श्रेष्ठ, आशिष पुरुष लगायतको अभिनय छ । निर्देशक कँडेलले फिल्मका सबै कलाकारको भूमिका एकदमै बलियो र अर्थपूर्ण रहेको बताएका छन् ।

सम्मान इन्टरटेन्मेन्टले आरोन कन फिल्म्ससँग निर्माणमा सहकार्य गरेको फिलममा अर्जुन तिवारीको डिओपी तथा बुद्ध थापा र मनोज खत्रीको सिनेमाटोग्राफर रहेको छ । यसमा शङ्कर कोइराला कार्यकारी निर्माता, कर्ण कार्की र गोविन्द अधिकारी निर्माता तथा सुरेश कँडेल सह-निर्माताको रुपमा छन् । 'होस्टेल ३'ले होस्टेलमा बसेर अध्ययन गर्ने विद्यार्थीको कथा भन्ने जनाइएको छ ।

# त्रिवि मैदानमा क्रिकेट भइरहन्छ, केन्द्रीय क्याम्पसको मर्का अर्कै छ





काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करण २२ दिनसम्म चल्यो । दशौं हजार खेलप्रेमीले त्रिवि मैदान गुल्जार बन्यो । यसअघि पनि सोही मैदानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू भए, फेरि हुनेछन् पनि । तर, अहिलेको जस्तो दर्शकको क्रेज यसअघि थिएन । यतिसम्म कि रुखको टुप्पो र पिल्लरमा चढेरसमेत खेलप्रेमीहरू क्रिकेट हेर्न तयार भए । व्यवस्थापन गर्न सुरक्षाकर्मीलाई हम्मेहम्मे पर्‍यो ।

यसरी कार्यालय समयमा त्रिवि मैदानमा क्रिकेटको उत्सव चलिरहँदा यसको प्रत्यक्ष असर भने त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा परेको प्राध्यापकहरूको गुनासो छ । 'विद्यार्थी कक्षामै आएनन् । अध्ययन, अध्यापन, अनुसन्धान लगायतका काम प्रभावित बन्यो । 'भौतिकशास्त्रको दुई वटा समूहमा १२० जना विद्यार्थी छन् । क्रिकेट म्याच ३५ जना मात्र पढ्न आए । मर्ज गरेर पढाउनु पर्‍यो,' उपप्राध्यापक राजेन्द्र कोइरालाले भने, 'कक्षामा हुनुपर्ने विद्यार्थी क्रिकेट मैदानमा भए ।'

क्रिकेट हेर्न पुगेका दर्शक जोडजोडले कराउँदाको ध्वनि कक्षा कोठामा पुग्यो । 'ओहो ! दर्शक कराएको आवाजले कक्षामा हाम्रो आवाजै हरायो । क्रिकेट प्रतियोगिता राम्रो हो । तर पढाइ प्रभावित भयो । यसको व्यवस्थापन कसरी गर्ने ?,' उनले प्रश्न गरे ।

क्रिकेट मैदान नजिकै विद्यार्थीको छात्रावास र प्राध्यापकहरूको 'क्वाटर' छ । तर यति ठूलो प्रतियोगितामा शौचालय थिएन । हजारौं दर्शकले खुला ठाउँमा शौच गर्दा दुर्गन्ध छात्रावास र क्वाटरमा छिरेको प्राध्यापकहरू बताउँछन् ।

'यसअघि खेल हुँदा थोरै दर्शक हुने गरेको थियो । हल्ला पनि कम आउँथ्यो । यसपटक हल्लासँगै धुलो र शौचको हरक आयो । छात्रावास नजिकै क्रिकेटको काउन्टर राखिएको थियो । बल्लबल्ल अलि तल सारियो,' केन्द्रीय क्याम्पसका प्रिन्सिपल ध्यानेन्द्र राईले भने, 'खेल सकियो आयोजक हिंडे । फोहोर प्रिन्सिपल कार्यालयले उठाउनुपर्छ ।'

गाडी र बाइक पार्किङ अव्यवस्थित बन्यो । पार्किङकै विषयलाई लिएर विद्यार्थीले प्रिन्सिपल कार्यालयमा ताला लगाएका छन् । स्ववियुका केही पदाधिकारीले पार्किङबाट शुल्क उठाएको आरोप लागेको छ । तर, स्ववियुका पदाधिकारी भने स्ववियुले शुल्क नउठाएको प्रतिक्रिया दिइरहेका छन् । यसको असर भने प्रिन्सिपल कार्यालयमा पर्‍यो । 'पार्किङको विषयलाई लिएर ताला लागेको छ । मुख्य कारण क्रिकेट हो,' प्रिन्सिपल राईले भने ।

क्रिकेट प्रतियोगिता हुँदा आफ्नो कार्यक्षेत्रमा जानसमेत नपाएको प्राध्यापकहरूले गुनासो गरेका छन् । 'त्रिवि गेटबाटै प्रहरीले हामीलाई भित्र छिर्न दिएन । कार्ड देखाउँदा पनि सहज रूपमा छिर्न पाइएन,' उपप्राध्यापक कोइरालाले भने, 'कता कताबाट घुमेर क्याम्पसमा छिर्नुपर्‍यो । शनिबार पनि अनुसन्धानको काम हुन्छ । प्रहरीले शनिबार केको अनुसन्धान भनेर अवरोध गरे ।' प्रतियोगिता हुँदासम्रुम समयमा हाजिर गर्नसमेत नपाएको उनले गुनासो गरे ।

**मैदान सार्ने कि क्याम्पस ?**

त्रिवि मैदानमा खेल चलिरहँदा केन्द्रीय क्याम्पसको कार्यालयमा भने मैदान सार्ने कि क्याम्पस सार्ने भन्नेमा बहस चलिरहेको थियो । मैदान र विश्वविद्यालय एकै ठाउँमा हुँदा पठनपाठन प्रभावित हुने निष्कर्ष निकाल्दै प्रिन्सिपल कार्यालयले व्यवस्थापन गर्न नेपाल क्रिकेट संघ (क्यान) र त्रिविकै रजिस्ट्रार कार्यालयलाई पत्र पठाएको छ ।

'क्रिकेट खेलको विरुद्ध छैनौं । खेल हुनु गौरवको कुरा हो । तर, विश्वविद्यालय भित्रै खेल हुँदा के हुन्छ ? यसको व्यवस्थापन गर्न क्यान र रजिस्ट्रार कार्यालयलाई पत्र पठाएका छौं,' प्रिन्सिपल राईले भने । विश्वविद्यालय वा खेल मैदानमध्ये एउटा मात्र बनाउनुपर्ने उनको मत छ । 'यहाँ क्रिकेट धान्ने स्थिति छैन । पठनपाठन हुने ठाउँमा लामो खेल हुँदा के हुन्छ ? कि विश्वविद्यालय यहाँबाट उठाएर मैदान मात्र बनाउनुपर्छ, नभए मैदान र विश्वविद्यालय एकैठाउँमा धान्न सकिंदैन,' उनले भने ।

यता, केन्द्रीय क्याम्पसका प्रोक्टरसमेत रहेका उपप्राध्यापक राजेन्द्र कोइराला पनि प्रिन्सिपल राईको तर्कमा सहमत छन् । 'खेल प्रतियोगिता हुनु गौरवको कुरा हो । तर विश्वविद्यालयभित्र क्रिकेट रंगशाला उपयुक्त हो त ?,' उनी प्रश्न गर्छन् । एनपीएल, आइसीसी विश्वकप, एसिया कप, महिला पुरुष दुबैको खेल हुन्छ । यसरी वर्षैभर प्रतियोगिता हुन्छ । हजारौं दर्शक हुन्छन् । पठनपाठन कसरी चलाउने ?'

**त्रिवि सिनेटमा बहस**

प्रतियोगिता चलिरहेको समयमै त्रिवि क्रिकेट मैदानमा फ्लडलाइट र प्यारापिट निर्माणका लागि बोलपत्र आह्वान भएको छ । सहरी विकास मन्त्रालय अन्तर्गतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले अन्तर्राष्ट्रिय स्तरको प्यारापिट र फ्लडलाइटका लागि बोलपत्र आह्वान गरेको हो ।

यसमा केन्द्रीय क्याम्पसका प्राध्यापकहरू सन्तुष्ट छैनन् । त्यसैले यो विषय त्रिविको सभामा प्रवेश गरेको छ । आइतबार सिंहदरबारमा बसेको त्रिवि सभामा प्राध्यापक संघले खेलका कारण पठनपाठन प्रभावित भएको विषय प्रवेश गराएको थियो ।

'विश्वविद्यालयभित्र अन्तर्राष्ट्रिय मैदान बनाउँदा पठनपाठन प्रभावित हुन्छ । यसमा कुलपतिको कुरा के हो भनेर राखेका छौं,' त्रिवि प्राध्यापक संघका अध्यक्ष वसन्त ढकालले संचारकर्मीसँग भने, 'अध्ययन नगरी विश्वविद्यालयमा अन्तर्राष्ट्रिय मैदान बनाउनु हुँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# राजबल्लभ अब कवि





काठमाडौं/कुनै समय लभस्टोरी फिल्ममा सफल मानिएका अभिनेता राजबल्लभ कोइरालाको परिचयमा नयाँ आयाम थपिने भएको छ । साहित्यप्रति विशेष रुचि राख्ने उनले कविको परिचय थप्न लागेका हुन् । उनी आफ्नो पहिलो कृतिको रुपमा कविता संग्रह 'औरा' सार्वजनिक गर्ने तयारीमा छन् । प्रकाशनको अन्तिम तयारीमा रहेको पुस्तक यसै वर्ष बजारमा उपलब्ध हुने जनाइएको छ ।

राजबल्लभले दुई दिनअघि फेसबुकमार्फत् पुस्तकको आवरण सार्वजनिक गरेका थिए, जसमा नाम सेतो रंगको अक्षरमा छ भने 'औरा'को 'र'लाई चन्द्रमाको आकार दिइएको छ । आवरणमा सेतो हंस र मानिस आकारको चित्र पनि देख्न सकिन्छ । 'औरा' राजबल्लभकी छोरीको नाम पनि हो । यो नामको अर्थ आभामण्डल भन्ने हुन्छ । अर्थात् प्रकाशको घेरा ।

भाषा र साहित्यसम्बन्धी अनलाइन पत्रिका साहित्यपोस्ट डटकमले प्रकाशन गर्न लागेको पुस्तकमा एक सयभन्दा बढी कविता समावेश हुनेछन् । यसमा सबै प्रकारका कविता रहेको राजबल्लभले जानकारी दिए । उनी 'औरा'लाई जीवन तत्व र मानवीय संवेदनाहरुको विचार मन्थनको रुपमा व्याख्या गर्छन् । पुस्तक पढ्दा जोकोहीलाई आफ्नोपन महसुस हुने उनको विश्वास छ ।

राजबल्लभले पहिलो पटक पुस्तकको रुपमा कविता संग्रह बजारमा ल्याउन लागेको भए पनि उनले सामाजिक सञ्जालमा फुटकर कविता भने पोस्ट गर्दै आइरहेका छन् । उनको फेसबुकमा '२४ घण्टा', 'आउन न एकछिन गफ गरौं' जस्ता शीर्षकमा लेखिएका कविताहरु भेट्न सकिन्छ । उनले लेख्ने प्राय: स्टाटसहरु पनि साहित्यिक हुन्छन् ।

लामो समयदेखि अमेरिकामा बस्दै आइरहेका राजबल्लभको यस वर्ष पहिलो कविता संग्रहसँगै एक दशकपछिको कमब्याक फिल्म 'एक्टर : टेक वान' पनि प्रदर्शनमा आउँदैछ ।

यो फिल्म आगामी माघ १६ गतेबाट सार्वजनिक प्रदर्शन हुने तयारीमा छ । यसमा उनी नकारात्मक भूमिकामा रहेको जनाइएको छ । राजबल्लभ कविता संग्रह र फिल्म दुवैलाई लिएर उत्साहित देखिएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# न्यायलयको वर्तमान अवस्था र बारको भूमिकाबारे अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/६९ औं बार दिवसको अवसर पारेर उच्चअदालत बार एसोसिएसन हेटौंडा र जिल्ला अदालत बार एसोसिएसन हेटौंडाको संयुक्त आयोजनामा न्यायलयको वर्तमान अवस्था र बारको भूमिका विषयक अन्तरक्रिया भएको छ ।

अधिवक्ता मुकुन्दप्रसाद अधिकारीले तयार पारेको कार्यपत्रमाथि कार्यक्रममा सहभागी अधिबक्ताले टिप्पणी गरेका थिए । कार्यक्रममा बरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्ने कृष्ण अर्याल, ईश्वरराज ढकाल, ध्रुव चौलागाईं, बाबुराम अर्याल र रामेश्वर कोईरालालाई सम्मान गरिएको थियो । यस्तै, जिल्ला अदालत बार एसोसिएसनको सदस्य रहेका अधिवक्ता बालकृष्ण अधिकारी नेपाल पत्रकार महासंघ मकवानपुरको अध्यक्ष पदमा निर्वाचित भएकोमा बधाई तथा शुभकामना प्रदान गरिएको थियो ।

कार्यक्रममा नेपाल कानून ब्यवसायी परिषद्का पार्षदसदस्य केशव काफ्लेको प्रमुख आतिथ्यता रहेको थियो । यसैबीच मकवानपुर जिल्ला अदालत बार एसोसिएसन र सिएमसी चुरेहील अस्पतालबीच उपचार सहुलियत सम्झौता भएको छ । मकवानपुर जिल्ला बारमा आबद्ध कानून व्यवसायीलाई औषधिमा ७ प्रतिशत र उपचारसेवामा २० प्रतिशत छुट गर्ने सम्झौता भएको छ । मकवानपुर जिल्ला अदालत बार एसोसिएसनतर्फबाट अध्यक्ष अप्सरा बस्नेत र अस्पतालका प्रबन्धनिर्देशक प्रताप देवकोटाले सम्झौतामा हस्ताक्षर गरेका थिए ।

# मनहरीलाई फुटसल उपाधि




साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुरको आयोजनामा भएको अन्तरमोवाइल व्यवसायी फुटसल प्रतियोगिता भएको छ । मकवानपुरगढी गाउँपालिका-३ मा अवस्थित मक्रान्चुली फुटसल खेलमैदानमा सञ्चालित प्रतियोगितामा ६ वटा टिम सहभागी रहेको थियो ।

प्रतियोगितामा मनहरी टिमले उपाधि हात पारेको छ । अंक आधारमा खेलाइएको प्रतियोगिताको फाइनल खेल मनहरी र त्रिखण्डीबीच भएको थियो । खेलमा ४-३ गोल अन्तरले मनहरी विजयी भएको थियो । विजेतासँगै मनहरीले नगद १० हजार सहित र ट्रफि प्राप्त गरेको छ । उपविजेता बनेको त्रिखण्डीले नगद पाँच हजार र ट्रफि प्राप्त गरेको कार्यक्रम संयोजक एसिस रिजालले बताए ।

सोही अवसरमा उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट अनुशासित खेलाडी, सबैभन्दा धेरै गोलगर्ने खेलाडीलाई समेत पुरस्कृत गरिएको थियो । म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाईको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा नगर खेलकुल विकास समितिका अध्यक्ष रवीन्द्र घिमिरे, मउवा संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिं रानाभाट, सदस्यद्वय तेजप्रसाद अधिकारी र नेत्रप्रसाद खतिवडा, नेपाल मोवाइल व्यवसायी संघ बागमती प्रदेश अध्यक्ष एसीस रिजाल, निवर्तमान अध्यक्ष दिनेश लामालगायतको आतिथ्यता रहेको थियो ।

म्यान मकवानपुरको वार्षिक कार्ययोजनाअनुरुप फुटसल प्रतियोगिताको आयोजना गरिएको अध्यक्ष चौलागाईले बताए । व्यवसायीलाई स्वस्थ्य राख्न खेल प्रतियोगिताले पनि हुने भएकाले मनोरञ्जनका साथै मैत्रीपूर्ण खेलले थप आत्मियता बनाउने उनले बताए ।

## काठमाडौंका सहकारी समस्या :

# आफू सञ्चालक भएको आफैं थाहा नपाउनेसम्म

काठमाडौं/काठमाडौं महानगरपालिकाको सहकारी विभागले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा १ हजार ५ सय ९३ उजुरी फछ्र्योट गरेको छ । विभागले विभिन्न निकायबाट माग भएका ६३ वटा विवरण पठाएको छ । ४ सय सहकारी संस्थाको फाइल अद्यावधिक गरेर पञ्जिका बनाइएको छ । गुनासो पोर्टलमा आएका सहकारी विभागसँग सम्बन्धित ३१ गुनासोमध्ये २५ को सम्बोधन भइसकेको छ ।

विभाग प्रमुख नमराज ढकालका अनुसार 'संकटग्रस्त सहकारी व्यवस्थापन', 'कारबाही र अनुसन्धानका लागि पठाइएका सहकारीबारे अद्यावधिक जानकारी लिने', 'निष्क्रिय सहकारी व्यवस्थापन गर्ने', 'लक्ष्य, कार्यक्षेत्र जस्ता आधार भूत अवस्था मिल्ने सहकारी मर्ज गर्ने' र 'राम्रा काम गर्ने सहकारीको सफल अभ्यास प्रवर्द्धन गर्ने' कामलाई प्राथमिकता साथ सञ्चालन भइरहेको छ ।

सहकारी नियमन महाशाखा प्रमुख एवं अनुगमन समिति सदस्यसचिव सुशील सुवेदीका अनुसार गत आर्थिक वर्ष अनुगमन गरिएका ४० मध्ये ३९ लाई सफाइ पेस गर्न १५ दिनको समय दिइएको थियो ।

समय दिइएका सबैले सफाइ पेस गरे । तीमध्ये ९ को सफाइ चित्तबुझ्दो नदेखिएपछि कारबाही र थप अनुसन्धानका लागि प्रहरीमा लेखेर पठाइएको छ । तीन सहकारीलाई निर्देशन दिइएको र अन्यलाई निर्देशन दिने तयारी भइरहेको छ ।

**सञ्चालक समिति र बचतकर्ताका विषयमा धेरै उजुरी**

ढकालका अनुसार विभागमा आउने धेरै उजुरी सञ्चालक समिति सदस्य, बचतकर्ता, ऋणी, घरधनी र कर्मचारीसँग सम्बन्धित छन् । हस्तान्तरण नभएको, नगरेको, गर्न नचाहेको, ऋण नतिरेको, सबै सञ्चालक सक्रिय नभएको, बचतकर्ताले तनाव दिएको, आफू सञ्चालक भएको आफैंलाई जानकारी नभएको, हुलाकबाट राजीनामा दिएर कार्यालयको दायित्व नलिएको जस्ता समस्या सञ्चालकका समस्या हुन् ।

बचत रकम, सेयर रकम फिर्ता नदिएको, बचत रकममा धेरै करकट्टी गरेको, विभागले पठाएको पत्रलाई प्रहरीले चासो नदिएको, सञ्चालकहरू भाग्न लागेकाले आफ्नो बचत जोखिममा परेको, समयमा साधारणसभा गरेर आफ्नो रकम सुरक्षाका विषयमा जानकारी नदिएको, कार्यालय बन्द हुने गरेको जस्ता समस्या बचतकर्ताबाट आउने गरेका छन् ।

सहकारीले मिटरब्याज लिएको, थाहै नदिई घरजग्गा लिलाम प्रक्रिया अगाडि बढाएको, घरजग्गा रोक्का गरिदिएको भन्ने गुनासो र रोक्का भएको घरजग्गा फुकुवा गरिदिन, ऋण मिनाहा गरिदिन ऋणीबाट माग आउने गरेको छ ।

**सहकारीलाई घरभाडामा दिने धनी नै समस्यामा**

सहकारीहरूसँग घर धनीहरूको समस्या पनि जटिल रहेको विभाग प्रमुख ढकाल बताउँछन् ।

'सहकारीले घरभाडा नतिरेको, कार्यालय धेरै समयदेखि राखेको, कार्यालय सञ्चालन भए/नभएको जानकारी नदिएको, बचतकर्ता आएर कार्यालय तोडफोड गर्दा आफ्नो घरको संरचना नष्ट भएको, बिग्रिएको मुख्य गुनासो रहेको छ,' ढकाल भन्छन् ।

यस्तै 'कोठा खाली गरिदिनुपर्‍यो, भाडा रकम पनि त्यही सहकारीमा बचत गरेको थिएँ डुब्ने भयो, उठाउने उपाय के हुन सक्छ' जस्ता समस्या लिएर घरधनी आउने गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मण्डलादेवी विद्यालयलाई रोटरी स्मारकको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/लायन्स क्लब अफ हेटौंडा स्मारकले भीमफेदी गाउँपालिका-६, स्थित मण्डलादेवी प्राथमिक विद्यालयलाई कार्पेट, चकटी र फर्म सहयोग गरेको छ ।

विद्यालयका प्रधानाध्यापक अनिषा डोटेललाई कार्पेट, चकटी र फर्म हस्तान्तरण गरिएको हो । कार्यक्रम संयोजक जीवन छत्कुलीले कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीको बेन्च अग्लो भएकोले गर्दा विद्यार्थीलाई भुइँमा राखेर पढ्नुपर्ने बाध्यता रहेकोले सहयोग गरिएको बताए ।

कक्षा १, २, ३ मा पढ्ने एउटा कोठाको लागि चाहिने कार्पेट सहयोग गरेको उनले जनाए ।

विद्यालयमा अध्ययनरत २२ जना विद्यार्थीलाई फर्म र चकटी पनि सहयोग गरेको उनले जानकारी दिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीर्घसिंह वाइवा, लायन्स क्लव अफ हेटौंडा स्मारकका अध्यक्ष अन्जनप्रसाद पौडेल, लियो जिल्ला उपाध्यक्ष सुशान्त खतिवडा, लायन्स डिष्ट्रिक एक्जुकेटिभ चिफ प्रलाद मिश्र, लायन्स डिष्ट्रिक चिफ अन्जन दाहालको उपस्थिति रहेको थियो ।

# गैससद्वारा बधाई तथा शुभकामना




साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/गैरसरकारी संस्था महासंघ नेपाल बागमती प्रदेश र जिल्ला शाखा मकवानपुर संयुक्त आयोजनामा बधाई तथा शुभकामना कार्यक्रम भएको छ । पत्रकार महासंघ बागमती प्रदेश, मकवानपुर शाखा र राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशका नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिइएको हो ।

गैसस महासंघका केन्द्रीय सचिव बुद्धशरण लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, अपाङ्ग महासंघ बागमती प्रदेश अध्यक्ष उपेन्द्र श्रेष्ठ, पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, गैसस बागमती कार्यवाहक अध्यक्ष कमलकुमार बिश्वकर्मालगायतले शुभकामना दिएका थिए ।

कुमारी वाइबाले संचालन गरेको कार्यक्रममा गैसस मकवानपुर अध्यक्ष रमिला सापकोटाले स्वागत गरेकी थिइन् ।

# लागूऔषधसहित हेटौंडाबाट पक्राउ परे विशाल र सनिप




साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध खैरोहेरोईनसहित २ जनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा-१५, रातोमाटेबाट खैरोहेरोईनसहित हेटौंडा-१ का २७ वर्षीय सनिप भोम्जन र हेटौंडा-२ का २१ वर्षीय विशाल क्षेत्रीलाई पक्राउ गरेको हो ।

प्रहरीको रातोमाटे चेकपोष्टमा जाँच गर्दा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ना ३५ प ५८११ नम्बरको मोटरसाइकलमा सबार मोटरसाइकल चालक भोम्जन र पछाडि सवार क्षेत्रीलाई ८.५५ ग्राम लागुऔषध खैरोहेरोईनसहित पक्राउ गरेको जनाएको छ ।

# फेल भएका विद्यार्थी दीक्षित भएपछि केयूले बनायो छानबिन समिति




काठमडौं/काठमाडौं विश्वविद्यालयमा फेल भएका विद्यार्थी दीक्षित भएपछि छानबिन समिति बनाइएको छ । केयूको गत २९ मंसिरमा भएको दीक्षान्त समारोहमा स्कुल अफ म्यानेजमेन्ट अन्तर्गत डिग्री पूर्ण नभएका र बीचमै अध्ययन छाडेर गएका समेत फेल भएका ८ जना विद्यार्थीहरूको नाम ग्रेसलिस्टमा परेपछि छानबिन समिति बनाइएको हो । स्कुल अफ ल का प्रा.डा. फषिकेश वाग्लेको संयोजकत्वमा समिति बनाइएको हो ।

समितिमा पूर्वपरीक्षा नियन्त्रक प्राडा पन्ना थापा र पूर्वपरीक्षा सिहनयन्त्रक वीरेन्द्रबहादुर लाखे सदस्य रहेका छन् । प्रतिवेदन पेस गर्न समितिलाई एक साताको समय दिइएको छ ।

परीक्षा समितिका अध्यक्ष तथा रजिस्ट्रार प्रा.डा अच्युत वाग्लेले आन्तरिक अनुसन्धान गर्न निर्देशन दिए । 'मानवीय कजोरीले इन्ट्री गर्नेबेलामा त्रुटि भएको हो । इन्ट्री गर्नेले त्रुटि स्वीकार गर्नुभएको छ । थप अनुसन्धान गर्न समिति बनाएका हौँ,' रजिस्ट्रार वाग्लेले भने, 'ग्रेसलिस्टमा परेको मात्र हो । सर्टिफिकेट लगेको छैन । ग्रेसलिस्ट सच्याउनुपर्छ ।' परीक्षा नियन्त्रक कार्यालयमा कार्यरत अधिकृत सीएन खड्काले गल्ती स्वीकार गरेका छन् ।

# चन्द्रागिरि सडकको स्तरोन्नतिमा मन्त्री सिंहको चासो



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहानगरलाई काठमाडौंसँग जोड्ने चित्लाङ-चन्द्रागिरि-थानकोट सडक निर्माणलाई पूर्णता दिन सहरी विकास मन्त्री प्रकाशमान सिंहले चासो देखाएका छन् ।

उनले सडक स्तरोन्नतिका लागि संघीय सरकार तत्पर रहेको बताए । सिंहले मकवानपुरलाई काठमाडौं जोड्ने मात्र नभई संघ र प्रदेश सरकारलाई जोड्ने छोटो दुरीको मार्ग पनि यहि भएकोले बेग्लै महत्व रहेको उल्लेख गरे । नेपाली कांग्रेस थाहानगरले चित्लाङमा आयोजना गरेको सडकको अवलोकन तथा भेटघाट कार्यक्रममा मन्त्री सिंहले समयमै निर्माण गराउने प्रतिबद्धता जनाएका हुन् ।

चित्लाङ-चन्द्रागिरि थानकोट सडक निर्माण सम्पन्न हुँदा कुनै एउटा पार्टीलाई मात्र सुविधा नभई समग्र जनताले लाभ लिने हुँदा संघ, प्रदेशका सांसदहरु तथा पालिका प्रमुख, उपप्रमुख र वडाध्यक्षलगायत सबै जनप्रतिनिधिले विकासलाई केन्द्रमा राखेर काम गर्नुपर्ने मन्त्री सिंहको भनाइ थियो ।

चित्लाङ-चन्द्रागिरि-थानकोट सडक वि.सं. २०४९ सालको स्थानीय निकाय चुनाव पछिको पहिलो काठमाडौं जिल्ला सभापति तीर्थबहादुर केसीको अग्रसरतामा निर्माण थालिएको हो । सडकको वि.सं. २०४९ गणेशमान सिंहले शिलान्यास गरेका थिए । हालका उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिह उनै गणेशमान सिंहका छोरा हुन् ।

नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीको सभाध्यक्षतामा भएको कार्यक्रममा काँग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले एग्रो टुरिजमको उर्वरभूमि थाहानगरसम्म २२ किलोमिटर सडक व्यवस्थित नहुनु दुखद् भएको बताए ।

सभापति बानियाँले अहिलेको सरकारले चित्लाङ-चन्द्रागिरि सडक निर्माणलाई गर्नै पर्ने कामको सूचीमा राखेको बताउँदै आगामी बजेटमा समेटेर निर्माण पूरा गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# जलवायु कार्यको स्थानीयकरण विषयक आज प्रदेशस्तरीय संवाद



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/हेटौंडामा आज सोमबार जलवायु कार्यको स्थानीयकरण: सार्वजानिक सम्पदा संरक्षण र न्यायमा लैंगिक दृष्टिकोण विषयमा बागमती प्रदेशस्तरीय संवाद कार्यक्रम हुने भएको छ ।

आइतबार पत्रकार सम्मेलन गर्दै एक्सन एड परियोजना कार्यक्रम संयोजक कविता बस्नेतले जानकारी दिएकी थिइन् । बागमती प्रदेश सरकारका मुख्यमन्त्रीको उपस्थितिमा संवाद कार्यक्रम हुने उनले बताइन् । संघीय सरकारले निर्माण गरेका जलवायुसम्बन्धी नीति, ऐनलाई स्थानीय तहसम्म ल्याउँदा परेको कठिनाई, समस्यालाई कसरी समाधान गर्ने भनी बृहत छलफल गरिने बताइन् ।

कार्यक्रममा प्रदेशका एक सय भन्दा बढीको सहभागिता रहने जनाइएको छ । वनसँग जोडिएका विभिन्न विज्ञका साथै मन्त्री, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख, युवा नेतृत्वको सहभागितामा छलफल कार्यक्रम गरिने बताइएको छ । कार्यक्रममा चितवन सक्रिय महिला प्रतिष्ठान र मकवानपुर महिला समूहको सहकार्यमा आयोजना गर्न लागेको जनाइएको छ ।


## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान, मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिकाबमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका :**

**समय:** बिहान ८ वजेवाट **मिति:** २०८१ पौषदेखि माघ मसान्तसम्म

| क.स. | वडा नम्बर | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, बसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३गते | वडा कार्यालय, बस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहलचोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना